**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**सानोठिमी भक्तपुर**

## परीक्षाफल प्रकाशनसम्बन्धी विज्ञप्ति

राष्ट्रिय परीक्षा बोर्डको मिति २०८३।०१।२८ को निर्णयानुसार २०८२ साल चैत्र १९ गतेदेखि २९ गतेसम्म सञ्चालित माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइइ)को परीक्षाको परीक्षाफल प्रकाशन भएको छ । नतिजाअनुसार परीक्षामा आवेदन भरेका५१२४२१ परीक्षार्थीमध्येनियमिततर्फ ४३०६६७ जना परीक्षामा सहभागी भएकोमाजिपिए ३.६ देखि ४.० सम्म४८३९२जना,जिपिए ३.२० देखि ३.६० सम्म ८०३७२ जना,२.८०देखि ३.२० सम्म ९४२२२ जना,२.४० देखि २.८० सम्म ५५९७७ जना, २.० देखि २.४० सम्म ५१९० जना र १.६० देखि २.० सम्म ७ जना गरी कुल जम्मा २८४१६० वर्गीकृत भएका छन् । यस वर्ष कूल जम्मा मध्ये ६५.९८% वर्गीकृत र ३४.०२% अवर्गीकृत रहेको छ । त्यसैगरी प्रदेशगत रूपमा वर्गीकृत कोशी ५०८९० जना, मधेश ४४५९२ जना, बागमती ७७११३ जना, गण्डकी २६५५० जना, लुम्बिनी ४४२५६जना, कर्णाली १९०९५ जना र सुदूर पश्चिम २१६६४ जना बर्गीकृतरहेका छन् । अवर्गीकृत परीक्षार्थीको सङ्ख्या १४६५०७ जना रहेको छ ।वर्गीकृत भएका विद्यार्थीलाई बधाई छ र अवर्गीकृत हुने विद्यार्थीलाई आगामी परीक्षामा वर्गीकृत हुनका लागि शुभकामना छ । परीक्षा व्यवस्थापन गर्न सहयोग गर्नुहुने शिक्षक,अभिभावक, स्थानीय तह,राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति,शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालयलगायत अन्य सम्बन्धित मन्त्रालय र अन्तर्गतका सेवा प्रदायक विभिन्न निकाय, सञ्चार माध्यम तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयेग गर्नुहुने सबैप्रति धन्यवाद प्रकट गर्दछु ।

१ **नतिजा हेर्ने व्यवस्थाः**विभिन्न २० ओटा संस्थाको website,IVR र SMS/USSDमार्फत, राष्ट्रिय परीक्षा बोर्डको Website www.neb.gov.np र प.नि.का. कक्षा १० को Website www.see.gov.np बाट नतिजा सहजरूपमा हेर्न सकिने व्यवस्था गरिएको छ । संस्थाहरूको जानकारी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website see.gov.np मा राखिएको छ । नेपाल टेलिकम, प.नि.का. कक्षा १० र राष्ट्रिय परीक्षा बोर्ड केन्द्रीय कार्यालयको website बाट परीक्षार्थीको सिम्बोल नं र जन्ममिति राखेर ग्रेडसिट हेर्न र डाउनलोड समेत गर्न सकिने छ ।

२ **ग्रेडिङ व्यवस्थाः**लेटर ग्रेडिङ निर्देशिका २०७८(संशोधनसहित) को व्यवस्थाअनुसार परीक्षार्थीले परीक्षा दिएको विषयको बाह्य सैद्धान्तिक परीक्षामा३५ %र आन्तरिक मूल्याङ्कनमा ४०%अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ । जसमा सैद्धान्तिक ७५ पूर्णाङ्का विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ ।उल्लिखित व्यवस्थाअनुसार ग्रेडिङ गरिएको छ ।

३ **नतिजा पुनर्योगः**प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका हेर्न र पुनः परीक्षण समेत गराउन सक्ने व्यवस्था रहेको छ । पुनर्योगका लागि परीक्षार्थीलाई अनलाइनमार्फत आवेदन गर्न सकिने व्यवस्था गरिएको छ । जसअनुसार परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि यस कार्यालयको वेबसाइटमाpayment.see.gov.np मा गई पुनर्योग फाराम भरी आवेदन गर्न सक्नेछन् ।पुनर्योगका लागि २०८३ साल जेठ१ गतेदेखि २०८३ साल जेठ ७गतेसम्मको समय निर्धारण गरिएको छ । सोसम्बन्धी सूचना नतिजा प्रकाशन भएपछि राष्ट्रिय परीक्षा बोर्ड प.नि.का. कक्षा १० र राष्ट्रिय परीक्षा बोर्ड केन्द्रीय कार्यालयको वेबसाइटबाट हेर्न सकिनेछ ।

४ **त्रुटि सच्याउनेः** नतिजा प्रकाशनका क्रममा प्राविधिक कारणबाट कहिंकतै त्रुटि देखिन गएमा राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को मूल अभिलेखबाट सच्याइने छ ।

५ **उमेर, नाम, थर सच्याउने सम्बन्धमाः** परीक्षार्थीको उमेर, नाम र थर कुनै कारणले फरक परेमा अर्को व्यवस्था नभएसम्मका लागि प्रवेशपत्रअनुसार सच्याउन सकिने र प्रवेशपत्रमा समेत फरक परेको अवस्थामा नतिजा प्रकाशन भएको ५ (पाँच) वर्षभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको फैसला पर्चाअनुसार सच्याउन सकिने व्यवस्था रहेकाले सोहीअनुसार निवेदन दिई सच्याउन सकिनेछ ।

६ **नतिजा नखुलेको सम्बन्धमाः** नतिजा प्रकाशन हुँदा परीक्षार्थीको कुनै कारणले कुनै विषयमा नतिजा नखुलेको अवस्था रहेमा यस कार्यालयको वेबसाइटमा रहेको नतिजा खुलाउने निवेदन डाउनलोड गरी कुन कुन विषयको नतिजा नखुलेको हो सोसम्बन्धी विवरण भरी प्रवेशपत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ मार्फत इमेलबाट वा सोझै यस कार्यालयमा निवेदन दिनुपर्नेछ ।

७ **पूरक परीक्षाः** यस वर्षको पूरक परीक्षा २०८३असार१ गते सोमबारदेखि २०८३ असार ९ गते मङ्गलबारसम्म सञ्चालन हुने छ । यसको कार्यतालिका पछि प्रकाशन गरिने छ ।

**अन्य जानकारीका लागिः**परीक्षाको नतिजासम्बन्धी जानकारी लिनका लागि यस कार्यालयको फोन नं ०१६६३०७३९ र सूचना अधिकारीको मोबाइल नं ९८५१३४०१५० मा सम्पर्क गर्न सकिनेछ । नियमित सूचनाका लागि यस कार्यालयको वेबसाइट www.see.gov.npबाट जानकारी लिन सकिनेछ ।

मितिः २०८३।०१।२८

**जंगबहादुर अर्याल**

**सदस्यसचिव**

**राष्ट्रिय परीक्षा बोर्ड**